नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

प्रेस रिलिज्

# नेपाल बैक लिमिटेडको बजेट तर्जुमा गोष्ठी सम्पन्न

***ग्राहक सेवा र उत्पादकत्व अभिवृध्दि गोदावरीको सन्देश***

२६ जेठ गोदावरी ,काठमाडौ

चालु आर्थिक वर्ष ०७५।०७६ को कार्यसम्पादन समीक्षा ,बैकमा आ.व.०७५।०७६ देखि जारी ५ वर्षे रणनीतिक योजनाको पुनरावलोकन तथा आ.व. ०७६।०७७ को बजेट तर्जुमा गर्ने उध्देश्यले बैकका उच्च पदस्थ अधिकारीको सहभागितामा आयोजित नेपाल बैङ्क लिमिटेडको दुई दिवशीय बजेट तर्जुमा गोष्ठी हालै काठमाडौमा सम्पन्न भयो । उक्त गोष्ठीको पहिलो दिन बैक संचालक समितिका अध्यक्ष वासुदेव अधिकारीले नेपाल बैक लिमिटेड विगतको समस्याग्रस्त अवस्थाबाट माथि उठेतापनि बैकको समग्र विकास निम्ति धेरै काम गर्न बांकी रहेको पृष्ठभुमिमा आधुनिक गतिशील सेवाको विकास,मानव उत्पादकत्व बृध्दि, सुशासन,सशक्त जोखीम व्यवस्थापन ,वित्तीय अनुशासन , ग्राहक सेवाको गुणस्तर अभिवृध्दि,केवाईसि सहजिकरण,ब्रान्चलेस तथा ईलेक्टोनिक बैकिंग सेवा विस्तार जस्ता महत्वपूर्ण विषयमा केन्द्रित रही बजेट तर्जुमा तथा रणनीतिक योजना निर्माणमा सहभागी हुन सहभागीहरुलाई दिशा निर्देश गर्नुभयो । सो अवसरमा बैकका का.मु. प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले नेपाल बैक लिमिटेड तथ्यांकीय आधारमा विगतको असहज चौबाटोबाट पार भएतापनि प्रतिष्पर्धी वातावरणमा दिगो एवं गुणात्मक विकास निम्ति अझै लामो र कठिन बाटो हिंड्नु पर्ने आवश्यकता रहेको वताउदै जस्तोसुकै कठिन अवस्थामा पनि बैक नैतिक बैकिंग अभ्यास सहित शालीन ढंगले अघि बढ्ने प्रतिवध्दता प्रकट गर्नुभयो । व्यावसायिक वृध्दि,वित्तिय पहुंच तथा वित्तिय स्थायित्व,संस्थागत सुशासन ,कार्यसंस्कृतिमा सुधार , आर्थिक अनियमितता विरुध्द शून्य सहनशीलता रहने कठोर आर्थिक अनुशासन जस्ता विषयमा गंभीर हुनुपर्ने आवश्यकतामा जोड दिदै प्रमुख कार्यकारी अधिकृत अधिकारीले बैकका सबै सरोकारवालाको अपेक्षा पुरा गर्ने एकमात्र उपाय उत्पादकत्व वृध्दि रहेको वस्तुसत्यलाई हृदयंगम गरि यस बैकलाई उत्कृष्ठ बैक बनाउने सोच,सपनालाई सामुहिक रुपमा अंगिकार गर्दै त्यस दिशामा समन्वयात्मक ढंगले अघि बढ्न सहभागीलाई विशेष: आग्रह गर्नुभयो । बैकका सहायक प्रमुख कार्यकारी अधिकृत लक्ष्मण पौडेलले गोष्ठीको सभापतिको आसनबाट बैकको जीवनमा दिर्घकालीन प्रभाव पार्ने योजना तथा कार्यक्रम तय गर्ने बजेट तथा रणनीति निर्माण गोष्ठीमा गंभीर सहभागिता निम्ति सहभागीलाई आग्रह गर्नुभयो । बैकका सहायक प्रमुख कार्यकारी अधिकृत विश्वराज वराल र प्रकाश कुमार अधिकारीले गोष्ठी बैकको दिगो विकासमा

कोशेढुंगा बन्ने अपेक्षा प्रकट गर्नुभयो । सबै विभागका प्रमुख , ७ वटै प्रादेशिक कार्यालयका प्रमुख र डिभिजन प्रमुखहरुले सम्वन्धित विभाग तथा प्रदेशको आगामी वर्षको कार्यक्रम तथा बजेट अनुमानबारे प्रस्तुती दिनुभएको थियो । बैकको प्रधान कार्यालय संस्थागत योजना विभागको आयोजनामा बैकका उच्च पदस्थ ४० अधिकृतहरुको सहभागितामा सम्पन्न उक्त गोष्ठीको संयोजन मुख्य प्रवन्धक लेखनाथ भुषाल र सहजिकरण वरिष्ठ प्रवन्धक शिखरनाथ खनाल र सहायक प्रवन्धक संगम न्यौपानेले गर्नुभएको थियो । स्मरण रहोस् यस अघि प्रदेश ५ ,६ र ७ को वैशाख १६ र १७ गते धनगढीमा,प्रदेश १ कोवैशाख २४ र २५ गते ईटहरीमा ,प्रदेश २ को वैशाख २७ र २८ गते वीरगंजमा ,प्रदेश ४ को वैशाख ३० र ३१ गते पोखरामा प्रदेश ३ को जेठ ५ र ६ गते गोदावरीमा प्रदेश स्तरीय बजेट गोष्ठी आयोजना गरिएको थियो ।






(मुकुन्द अर्याल )
प्रेस संयोजक